# पूर्वखोला गाउँपालिका,पाल्पाको
# बाल संरक्षण नीति-२०८२

नेपाल बालअधिकार महासन्धि १९८९ को पक्ष राष्ट्र भएको, नेपालको संविधानको मौलिक अधिकार अन्तर्गत धारा ३९ मा उल्लेखित बालबालिकाका अधिकार सम्बन्धी प्रावधानहरुको व्यवस्था, बालबालिका सम्बन्धी ऐन २०७५ उल्लेखित बालअधिकार संरक्षणका व्यवस्थाहरु तथा नेपाल सरकारले प्रतिवद्धता ब्यक्त गरेका अन्य अभिसन्धि, प्रावधान तथा संघीय सरकारदेखि प्रदेश र  पूर्वखोला गाउँपालिका समेतले बालअधिकारको क्षेत्रमा ब्यक्त गरेका प्रतिवद्धता र नीतिहरुको कार्यान्वयनका लागि बालबालिकाहरुको अधिकार र विशेषत : उनीहरुको संरक्षणको सवालमा  पूर्वखोला गाउँपालिकाको उत्तरदायित्व पुरा गर्न पर्ने,  पूर्वखोला गाउँपालिकाले अवलम्बन गरेको बालमैत्री स्थानीय शासनका सूचकहरुको प्राप्ति र समग्रमा यस  गाउँपालिकाले बालबालिकाको अधिकार प्रत्याभूत गर्न बालबालिकाको संरक्षणको क्षेत्रमा गर्न पर्ने ठोस कार्यहरुलाई प्रभावकारीरुपमा कार्यान्वयन गरी यस गाउँपालिकालाई बालबालिकाको लागि सुरक्षित स्थलको रुपमा प्रवर्द्धन गर्न  पूर्वखोला गाउँपालिकाको **बाल संरक्षण नीति २०८२** जारी गरिएको छ ।

## २)  नाम र प्रारम्भ :

**क**) यो कार्यविधिको नाम  पूर्वखोला गाउँपालिकाको बाल संरक्षण नीति २०८२ रहनेछ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गरेपछि लागु हुनेछ ।

## ३) परिभाषा :

**क) बाल संरक्षण** भन्नाले बालबालिकामाथि हुने भेदभाव, दुर्व्यवहार, उत्पीडन, हेला, अपमान, गाली, कुटपिट, यातना, यौन तथा श्रम शोषण, हानिकारक काम, युद्ध, बेचविखन, ओसारपसार, कुलत तथा लागु पदार्थको सेवन तथा ओसारपसार एवं अन्य कानूनी संरक्षणका सवालहरुलाई बुझिनेछ ।

**ख) भेदभाव** भन्नाले बालबालिकाको वा उसका बाबुआमा, अभिभावकको वा परिवारको आर्थिक वा सामाजिक हैसियत, वर्ग, जातजाति, लिङ्ग, भाषा, धर्म, राजनैतिक आस्था वा अन्य विचारहरू, जातिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, एच.आई.भी. संक्रमित, अशक्तता, जन्म वा अन्य हैसियत लगायतको आधारमा गरिने भेदभाव र बालबालिकाको आत्मसम्मानमा ठेस

पुग्ने गरी फरक व्यवहार र सेवा, सुविधाको पहुँचमा बाधाबन्देज लगाउँने कार्यसमेत बुझिने छ ।

**ग) बाल दूर्व्यवहार** : भन्नाले बालबालिकाको सुरक्षा, स्वास्थ्य, मर्यादा र विकासमा हानी पुर्‍याउने वा पुर्‍याउन सक्ने  मनसायपूर्वक गरिएको कुनै काम वा नराम्रो व्यवहार बुझिने छ ।

**घ) बाल श्रम शोषण** भन्नाले बालबालिकालाई अरु कसैको आनन्द वा फाईदाका निम्ति अमानविय, क्रुर र हानिकारक व्यबहार गर्ने कार्यलाई बुझिनेछ ।

**ङ) बाल यौन शोषण** भन्नाले बालबालिकाको जोखिमता वा आफ्नो पद वा आँफुप्रति गरिएको विश्वासको फाईदा उठाई बालबालिकालाई आफ्नो यौन सन्तुष्टिको निम्ति प्रयोग गर्ने कार्यलाई बुझिने छ ।

च) **जोखिमयुक्त काम** भन्नाले पर्यटन, आवास, होटेल, जुवाघर, रेष्टुरां, बार, पब, रिसोर्ट तथा अन्य पर्यटन सम्बन्धि व्यवसायहरु, कार्यशाला, प्रयोगशाला, पशु बधशाला, शीत भण्डार आदि सेवामुलक व्यवसायहरु, सार्वजनिक परिवहन र निर्माण व्यवसायहरु, चुरोट, बिडी बनाउने, गलैचा बुन्ने तथा रङ्गाउने, उन सफा गर्ने, कपडा बुन्ने धुने, रङ्गाउने तथा बुट्टा छाप्ने आदि व्यवसायहरु खानी, खनिज पदार्थ, प्राकृतिक तेल वा ग्यासको उत्खनन्, प्रशोधन तथा वितरणसंग संबन्धित कार्यहरु, कोईला, प्राकृतिक तेल वा ग्यास, बायोग्यास...आदि प्रसारण वा वितरणसंग संवन्धित कार्यहरु, रिक्सा वा ठेलागाडा, कटिङ मेसिन जस्ता कार्यहरु, जमिनमुनि, पानीमुनी र धेरै उचाईमा चढेर गर्नुपर्ने कार्यहरु, रसायनिक पदार्थहरुसंग सम्पर्क हुने कार्यहरु र प्रचलित कानूनबमोजिम ताकिएको अन्य जोखिमपुर्ण कार्यहरु बुझिने छ ।

**छ) बाल हिंसा** भन्नाले बालबालिका माथि गरिने सबै किसिमको शारीरिक वा मानसिक चोट वा दुर्व्यवहार, बेवास्ता वा लापरबाहीपूर्ण व्यवहार, गलत व्यवहार वा शोषणलाई बुझिने छ ।

**ज) बाल अपहण** भन्नाले कसैले कुनै व्यक्तिलाई बल प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई, डर त्रास देखाई, जोरजुलुम गरी, हातहतियार देखाई, छलकपट गरी, झुक्यानमा पारी वा नशालु वा मादक पदार्थ सेवन गराई वा कुनै यातायातको साधन कुनै किसिमले कब्जा वा नियन्त्रणमा लिई कुनै ठाउँमा जान बाध्य गराउन वा कुनै व्यक्तिलाई निजको मञ्जुरी विना वा नाबालक र मानसिक रुपमा अस्वस्थ व्यक्तिलाई निजको हितको निमित्त निजको बाबु, आमा वा संरक्षकको मञ्जुरी बाहेक कुनै ठाउँमा लैजान नहुने भन्ने बुझिने छ ।

झ) **जोखिम अवस्थामा रहेका बालबालिका** :भन्नाले तत्काल विशेष हेरचाह चाहिएका बालबालिका भन्ने बुझिने छ ।

## ४) नीतिको उद्देश्य :

क) बालबालिकाको संरक्षणप्रति प्रतिबद्धता जनाउने

ख) बालबालिकाको संरक्षणलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने

ग) बाल संरक्षणको सवाललाई संवेदनशीलरुपमा लिने र बाल संरक्षण उलंघनका घटनाहरुको तत्काल सम्बोधन गर्ने संयन्त्र तयार गरी परिचालन गर्ने

घ) बाल संरक्षणको सवालमा समुदाय  तहमा काम गर्ने संरचना तयार गरी परिचालन गर्ने

**५) गाउँपालिकाको बाल संरक्षण नीति :** हामी बालअधिकार महासन्धि १९८९, नेपालको संविधान, नेपालमा रहेका सो सम्बन्धी अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि निम्न प्रतिबद्धता व्यक्त गर्दछौं :

क) गाउँपालिकाबाट बाल संरक्षण सम्बन्धमा आवश्यक सचेतना तथा उद्धारका कार्यक्रम संचालन गरिने छ ।

ख) बालबालिकाको संरक्षणको लागि आवश्यक संरचनाहरुको निर्माण र तिनीहरुको क्षमता विकास गरिने छ ।

ग) गाउँपालिकालाई बालविवाह मुक्त गाउँपालिका बनाउन आवश्यक पहल गर्दे लगिने छ । यसका लागि किशोरकिशोरीहरुको क्षमता विकास, प्रतिवद्धता संकलन गर्ने एवं जनप्रतिनिधि तथा कर्मचारीहरुलाई विशेष आचारसंहिता जारी गरिने छ ।

घ) बाल श्रमका सम्बन्धमा गाउँपालिका भित्र सचेतनामूलक कार्यक्रम संचालन गरिने छ । गाउँपालिकाका सबै ब्यवसायीहरुलाई सो सम्बन्धमा सचेत बनाउने र उनीहरुबाट बाल श्रम नराख्ने प्रतिवद्धता लिई गाउँपालिकालाई बाल श्रम मुक्त गाउँपालिका बनाउन आवश्यक पहल गर्दै लगिने छ ।

ङ) बालबालिका माथि हुने सबैखाले भेदभाव, दूर्ब्यवहार, हिंसा तथा शोषणका घटनाहरुमा तत्काल कारवाही प्रक्रिया अगाडि बढाइने छ ।

च) गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारी तथा शिक्षकहरुलाई बाल दूर्व्यवहार सम्बन्धी अभिमुखीकरण गर्ने, प्रतिवद्धता लिने कार्य गरी बालबालिका माथि उनीहरुबाट कुनै दूर्व्यवहार हुन नदिने कुराको सुनिश्चित गरिने छ ।

छ) हिंसा, बेचविखन, श्रम शोषण एवं दूर्व्यवहारपीडित बालबालिकाहरुको तत्काल उद्धार गर्न आवश्यक संरचना निर्माण र परिचालन गरिने छ ।

ज) दूर्व्यवहारमा परेका बालबालिकाको उद्धार र संरक्षण गर्दा उनीहरुको गोपनियता कायम गरिने छ ।

ञ) गाउँपालिका भित्र अभिभावक विहिन, अपांगतामा रहेका तथा अन्य परिस्थितिका कारण जोखिम अवस्थामा रहेका बालबालिकाहरुको सहयोग, पुनर्स्थापनाका माध्यमबाट सुरक्षितरुपमा हुर्कन र शिक्षा आर्जन गर्न पाउने अधिकार सुरक्षित गरिने छ ।

ट) गाउँपालिका भित्रका विद्यालयहरु, यातायात क्षेत्र तथा कार्यस्थलहरुलाई बालबालिकाको लागि सुरक्षित स्थल बनाउंदै लगिने छ ।

ठ) बालबालिकाको तत्काल उद्धार कार्यका लागि बाल कोषको ब्यवस्था गरी त्यसलाई ब्यवस्थित र अभिबृद्धि गर्दै लगिने छ ।

ड) विद्यालयहरुलाई गाउँपालिकाबाट जारी गरिएको बाल संरक्षण नीतिलाई प्रभावकारीरुपमा कार्यान्वयन गराइने छ ।

**६) गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा शिक्षकहरुले पालना गर्नुपर्ने आचारसंहिता :**

१.अरुबाट टाढा राखेर कुनै बालबालिकासंग चाहिने भन्दा बढी समय एक्लै बिताउने कार्य गर्ने छैन ।

२. बालबालिकालाई पिट्ने, शारीरिक, मानसिक यातना दिने वा अन्य खालको दूर्व्यवहार गर्ने छैन ।

३. २० वर्षभन्दा तलका बालबालिकासंग शारीरिक परिपक्वता तथा सहमति भए पनि शारीरिक वा अन्य यौन सम्बन्ध राख्ने कार्य गर्ने छैन ।

४. बालबालिकाप्रति अनुपयुक्त, पीडादायक, यौनजन्य वा दूर्व्यवहारजन्य भाषाको प्रयोग गर्ने तथा त्यस्तो गर्न सुझाव वा सल्लाह दिने कार्य गर्ने छैन ।

५. यौन इच्छा जगाउँने किसिमको चित्र वा फोटो देखाउने तथा त्यस्तो खालको कारोबार गर्ने छैन ।

६. बालबालिकालाई कुनै पनि किसिमको यौन दूर्व्यवहार (छोएर वा नछोएर गरिने) गर्ने छैन।

७. बालबालिकालाई लज्जित पार्ने, हीनताबोध हुने वा अन्य कुनै किसिमको भावनामा ठेस पुग्ने काम कारबाही वा त्यस किसिमको भाषा प्रयोग गर्ने छैन ।

८. कुनै बालबालिकालाई भेदभाव गर्ने, बेग्लै ब्यवहार गर्ने वा अरुलाई उपेक्षा हुने गरी कसैलाई विशेष स्नेह देखाउने खालका व्यवहार गर्ने छैन ।

९. बालबालिकाबाट हुन सक्ने गैर कानूनी, असुरक्षित वा दूर्व्यवहारजन्य कामलाई प्रोत्साहित गर्ने, बेवास्ता गर्ने तथा त्यस्ता कार्यमा सहभागी हुने छैन ।

१०. आफ्नो घर तथा ब्यवसायमा बाल श्रमिकहरु राख्ने छैन ।

११.आफ्नो घरमा छोराछोरीविच शिक्षा तथा अन्य विषयहरुमा भेदभाव गर्ने छैन ।

१२.सर्वोत्तम हित नहुने ढंगले घर/ब्यवसायमा बालश्रमिक राख्ने ब्यक्तिलाई सार्वजनिक पदहरुमा सिफारिस गर्ने वा राख्ने कार्य गर्ने छैन ।

१३) बालबालिकामाथि हुने सबै खाले हिंसा तथा दूर्व्यवहारहरुको विरोध गर्नेछु र सम्बन्धित निकायमा सूचित गर्नेछु ।

१४) बाल विवाह हुन नदिन प्रयासरत रहनेछु । बाल विवाहको कुनै भूमिकामा रहने तथा भोजभतेरमा समेत सरिक हुनेछैन ।

१५) बालबालिकासंग सम्बन्धित घटनाहरुको विषयमा राख्नुपर्ने भनी तोकिएका गोपनियताहरु कायम राख्नेछु ।

**७) बाल उद्धार कार्यदलको गठन तथा काम कर्तव्य र अधिकार :**

**क)** गाउँपालिकास्तरमा निम्न बमोजिम बाल उद्धार कार्यदलको गठन गाउँ कार्यपालिले गर्नेछ । यसको कार्यअवधि गाउँपालिकाका जनप्रतिनिधिहरुको सरह हुनेछ । बिचमा पद रिक्त भएमा गाउँ कार्यपालिकाले पदपूर्ति गर्नेछ । :

- उपाध्यक्ष(पदेन) संयोजक
- गाउँपालिकाले तोकेको कानून ब्यवसायी १ जना सदस्य
- गाउँपालिकाभित्र रहेको प्रहरी चौकी प्रमुखमध्येबाट सिनियर १ जना सदस्य
- गाउँपालिकाभित्र रहेको स्वास्थ्य संस्थाबाट सिनियर (डाक्टर) १ जना सदस्य
- बालअधिकारकर्मी १ जना सदस्य
- पालिका स्तरीय बाल सञ्जालका प्रतिनिधी सदस्य
- प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

**ख) कार्यदलको काम कर्तव्य/अधिकार/कार्य संचालन विधि :**

**ख.१)** जोखिम अवस्थामा रहेका बालबालिकाहरुको सूचना लिने, प्राप्त सूचनाको विश्लेषण गर्ने र विवरणहरु राखी गाउँपालिकालाई सहयोग,संरक्षण र उद्धारका लागि सिफारिस गर्ने ।

**ख.२.)** यौन दूब्यर्वहार तथा अन्य ढंगबाट शारीरिक हिंसामा परेका बालबालिकाहरुको आवश्यकता अनुसार तत्काल उद्धार, उपचार, कानूनी सहयोग तथा परामर्श सेवा उपलब्ध गराउने ।

**ख.३.)** बालविवाह, बाल श्रम तथा बालबालिकामाथि हुने सबै खाले हिंसा र दूर्व्यवहार अन्त्यको लागि सरोकारवालाहरुसंग छलफल गर्ने, गाउँपालिका तथा सरोकारवालाहरुको क्षमता विकास गर्ने ।

**ग.बाल उद्धार कार्यदलको अधिकार क्षेत्र :**

**ग.१.)** संघ,प्रदेश तथा स्थानीय सरकारको सम्बन्धित कानून अनुसार काम गर्ने

**ग.२.)** गाउँपालिकाको स्रोतको सीमा अनुसार कार्यक्रम निर्माण गर्ने ।

**ग.३.**) जोखिम अवस्थाका बालबालिकाको उद्धार कार्यमा बाह्य स्रोत समेत परिचालन गर्ने ।
**ग.४.**) बैठक, अनुगमन तथा कामको शिलशिलामा नियमानुसार सेवा सुविधाहरु प्राप्त गर्ने ।

**८) वडा बाल संरक्षण तथा संर्वधन समिति गठन तथा काम कर्तव्य**

**क**) वडामा रहेका विद्यालयका प्र.अ.हरु महिला स्वास्थ्य स्वयंसेविकाहरु, क्लब,सामुदायिक संस्था तथा समूहहरु, बालक्लब संजालका प्रतिनिधिहरु, सामाजिक कार्यकर्ता, राजनीतिक दलहरुको प्रतिनिधित्व रहेको वडास्तरीय सरोकारवालाहरुको भेलाले निम्न अनुसार कम्तिमा एक तिहाई महिला प्रतिनिधित्व सुनिश्चित हुने गरी वडा बाल संरक्षण तथा संर्वधन समितिको गठन गर्नेछ । यसको कार्यअवधि तीन वर्षको हुनेछ । बिचमा पद रिक्त भएमा सोही समितिले पदपूर्ति गर्नेछ । भेलाको आयोजना तथा गठनको सहजीकरण वडा कार्यालयबाट हुनेछ । :

- संयोजक १ जना
- उपसंयोजक १ जना
- सचिव १ जना
- सदस्यहरु ८ जना

**ख) बाल संरक्षण समितिको काम कर्तव्य :**

**ख.१**) जोखिम अवस्थामा रहेका बालबालिकाहरुको तथ्यांक संकलन तथा अवस्था अध्ययन गर्ने।

**ख.२.**) यौन दूब्यर्वहार तथा अन्य ढंगबाट शारीरिक हिंसामा परेका बालबालिकाहरुको आवश्यकता अनुसार तत्काल उद्धार, उपचार, कानूनी सहयोग तथा परामर्श सेवाको लागि पहल गर्ने ।

**ख.३.**) बालविवाह, बाल श्रम तथा बालबालिकामाथि हुने सबै खाले हिंसा र दूर्ब्यवहार अन्त्यको लागि समुदायमा सचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।

**ख.४.**) स्थानीय तहमा घटेका बालअधिकार उलंघनका घटनाहरुको अनुगमन तथा प्रतिवेदन तयारी गर्ने र वडातहमा घटनाहरुको सुनुवाई गर्ने ।

**ख.५.**) वडास्तरमा बालबालिकाको अधिकारको संरक्षणको सन्दर्भमा सचेतनाका कार्यक्रमहरु संचालन गर्ने

**ख.६.**) वडातहमा बालक्लबहरु गठन तथा परिचालनकोलागि सहजीकरण गर्ने ।

**ख.७.**) घरपरिवार, विद्यालय तथा समुदायलाई बालबालिकाको निम्ति सुरक्षितस्थलको रुपमा विकास गर्ने ।

**ग) कार्य संचालन विधि :** सामान्यतया तीन महिनामा एक पटक बैठक बस्ने यो समितिको कार्य संचालन विधि आंफै बनाई समितिको बैठकले पास गरेर लागु गर्ने छ ।

## १०) गाउँ बाल संरक्षण तथा संर्वधन समिति गठन :

**क**) सबै वडाबाट संयोजक र सचिव गरी २ जनाको दरले १२ जनाले प्रतिनिधित्व गर्ने भेलाबाट गाउँ बाल संरक्षण तथा संर्वधन समिति सञ्जाल गठन गरिने छ । यो भेलाको आयोजना गाउँपालिकाको बालमैत्री स्थानीय शासन एकाईले गर्नेछ । भेलाबाट निम्न अनुसारको समिति गठन गरिने छ ।

- संयोजक १ जना
- उप संयोजक १ जना
- सचिव १ जना
- सदस्यहरु ९ जना
- गाउँ कार्यपालिकाले तोकेको सदस्य १ जन

## ख) गाउँ बाल संरक्षण तथा संर्वधन समितिको काम कर्तब्य :

**ख.१**) वडाबाट आएका बाल संरक्षण सम्बन्धी सूचनाहरु एकीकृत गर्ने ।

**ख.२**) वडा बाल संरक्षण समितिहरुलाई बाल संरक्षण सम्बन्धी सचेतना जगाउँन परिचालन गर्ने ।

**ख.३**) तत्काल उद्धार गर्न पर्ने बालबालिकाको सूचना बाल संरक्षण कार्यदललाई दिने ।

**ख.४**) बालमैत्री स्थानीय शासन कार्यदल, बाल उद्धार कार्यदल र बाल संरक्षण समिति सञ्जालको संयुक्त बैठक बसी बाल संरक्षण रणनीति तथा कार्यक्रमहरु बनाउने ।

**ख.५**) जोखिममा परेका बालबालिकाहरुको उद्धारको लागि बाल संरक्षण कार्यदललाई आवश्यक सहयोग गर्ने ।

**११) बाल संरक्षण नीतिको शंशोधन वा खारेजी :** यो कार्यविधिको शंशोधन वा खारेज गर्नु परेमा गाउँ कार्यपालिकाको बैठकले गर्नेछ ।